# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**<u>हार्दिक समवेदना</u>**

काठमाण्डौंबाट पोखराका लागि आज विहान उडेको यति एअरलाइन्सको विमान अवतरण हुनअघि पोखरामा दुर्घटना परेको खबरले अत्यन्त मर्माहत तुल्याएको छ । सो दुर्घटनामा निधन हुनुभएका स्वदेशी तथा विदेशी यात्रुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु। भर्खरैमात्र निर्माण पूरा भई उडान शुभारम्भ भएको विमानस्थलमा अवतरणका बेला दुर्घटना हुनु निकै दुःखदायी विषय हो । दुर्घटनामा परेकाहरुको शिघ्र प्रभावकारी उद्धारका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँन चाहान्छु । साथै, यस दुर्घटनाको वास्तविक कारण यथासंभव छिटो पत्ता लगाउन र नेपाली हवाई आकाशलाई सुरक्षित बनाउन आवश्यक प्रभावकारी कदम चाल्न सरोकारवालामा आग्रह गर्दछु ।

**२०७९ माघ १ गते, आइतबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**